# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १४ मई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. SSC भर्ती घोटालामा नोकरी गुमाएका शिक्षकहरुले आज कोलकाताको बिकास भवनमा ठुलो प्रदशन गर्दै मुख्यमन्त्रीसग उनीहरूको नोकरीको व्यवस्था मिलाउने माग गरेका छन।

२. मुख्यमन्त्री ममता ब्यानर्जी आगामी हप्ता उत्तर बङ्गाल भ्रमणमा आउनु हुनेछ।

३. अपरेसन सिन्दुरको सफलतामा सेनाको सौर्य बिरतालाई संमान गर्दै BJP ले भोलि कोलकातामा बिशाल तिरङा यात्रा गर्ने निकाल्ने छ।

४. मर्मतको कारण रास्टिय राजमार्ग १० आज दिनभर बन्द रह्यो

५. खरसाङको सिंगेल चियाबारीको कफीबारी गोदामधुरा क्षेत्रमा आगलागी भएर पाँचवटा घर पूर्ण रूपमा जलेर नष्ट भएको छ

**एसएससी**

एसएससी भर्ती घोटालाका नोकरी गुमाएका पीडितहरूले आज साल्ट लेकस्थित विकास भवनमा विरोध प्रदर्शन गरेका छन। बर्खास्त गरिएका शिक्षक र गैरशिक्षण कर्मचारीहरू बिहान ठूलो आक्रोशका साथ प्रदर्शनमा सामेल भए र ब्यारिकेडहरू तोडेर भवनभित्र पस्ने प्रयास गरे। यस क्रममा पुलिस र प्रदर्शनकारीबीच चर्को झडप भएको थियो । सर्वोच्च अदालतको निर्देशन रहेतापनि राज्य सरकारले आवश्यक कदम नचालेको प्रदर्शनकारीको आरोप छ । नयाँ नियुक्तिको प्रक्रिया मई महिनाभित्रै सुरु गर्नुपर्ने भनिएको भए पनि अहिलेसम्म कुनै पहल नभएको उनीहरुको भनाइ छ । यसबाट रिसाएका उनीहरु शिक्षामन्त्री ब्रत्य बसुलाई भेट्न गए, तर बैठक हुन सकेन, जसले उनको आक्रोश अझै बढायो । याद रहोस सर्वोच्च अदालतको फैसलापछि २०१६ को एसएससी प्यानल अप्रिलमा खारेज गरिएको थियो, जसका कारण लगभग २६,००० शिक्षण र गैर-शिक्षण कर्मचारीहरूको नोकरी गुमेको थियो। पछि अदालतले शिक्षकहरूलाई विद्यालय गएर डिसेम्बर २०२५ सम्म तलब लिन अस्थायी राहत दिएको थियो, तर समूह सी र समूह डी का कर्मचारीहरूलाई त्यस्तो कुनै राहत दिइएको थिएन। यस घटनापछि विकास भवन परिसरमा सुरक्षा व्यवस्था कडा पारिएको छ भने स्थिति नियन्त्रणमा लिन पुलिसले अतिरिक्त बल परिचालन गरेको छ ।

**मुख्यमन्त्री**

मुख्यमन्त्री ममता ब्यानर्जी आगामी हप्ता उत्तर बङ्गाल भ्रमणमा आउनु हुनेछ। हिजो उहाँले नवान्नमा एउटा पत्रकार सम्मेलनमा आफ्नो उत्तर बङ्गाल भ्रमण कार्यक्रम सूचीबारे अवगत गराउदै उत्तर बङ्गाल भ्रमणको कार्यक्रम अघिबाटै तय रहेको जानकारी गराउनु भयो । यसै क्रममा मुख्यमन्त्री ब्यानर्जी 19 मईमा उत्तर बङ्गाल आउनुहुनेछ भने उसै दिन उहाँले औद्योगिक समुदायसित समन्वयात्मक कार्यक्रम गर्नुहुनेछ भने उहाँको भोलिपल्ट ओदलाबारीमा विभिन्न परियोजनाहरू अन्तर्गत सहुलियत प्रदान गर्ने कार्यक्रम छ। त्यसपछि उत्तरकन्यामा उत्तर बङ्गालका आठवटा जिल्लाहरूको 21 मईमा प्रशासनिक बैठक गरिनेछ। बैठकमा दार्जीलिङ, कालेबुङ, कुचबिहार, जलपाइगढ़ी र अलिपुरद्वारका प्रतिनिधिहरू उपस्थित रहनेछन् भने दार्जीलिङ र

कालेबुङको पक्षमा जीटीएको प्रतिनिधि पनि उपस्थित रहनेछन भने  उत्तर-दक्षिण दिनाजपुर अनि मालदाका प्रतिनिधिहरू भर्चुअल रूपमा बैठकमा सामेल हुनेछन् । भ्रमणको चौथो दिन अर्थात 22 मई तिनी कलकत्ता फर्किने कार्यक्रम छ। भ्रमण अवधि मुख्यमन्त्रीको साथमा राज्यको मुख्य सचिव मनोज पन्त पनि रहनुहुनेछ ।

**BJP**

अपरेसन सिन्दुरको सफलतामा सेनाको सौर्य बिरतालाई संमान गर्दै BJP ले भोलि कोलकातामा बिशाल तिरङा यात्रा गर्ने निकाल्ने भएको छ। उक्त कार्यक्रममा राज्यभरका बिभिन्न स्थानहरुबाट BJP समर्थकहरुको उपस्थित हुने अपेक्षा गरिएको छ ।

**बीएसएफ**

सीमा सुरक्षा बल (बीएसएफ) का अतिरिक्त महानिर्देशक (पूर्वी कमाण्ड) महेशकुमार अग्रवालले भारत–बङ्गलादेश सीमामा बढ्दो चुनौती र बङ्गलादेशको बदलिँदो परिस्थितिलाई मध्यनजर गर्दै सतर्कतालाई थप मजबुत बनाउनुपर्नेमा जोड दिनुभएको छ । पूर्वी फ्रन्टियरको भ्रमणमा रहनुभएका एडीजी अग्रवालले सीमा क्षेत्रको सुरक्षा व्यवस्था र परिचालन तयारीको समीक्षा गर्नुभयो । यसै क्रममा बीएसएफका गुवाहाटी फ्रन्टियरका आईजी सुखदेव राज र अन्य वरिष्ठ अधिकारीहरूले सीमामा मौजूदा स्थितिको बारेमा जानकारी गराएका थिए। बीएसएफका प्रवक्ताका अनुसार समीक्षा बैठकमा बङ्गलादेशको विकसित अवस्था, सीमापार अपराध र भारत–पाकिस्तान सीमासँग सम्बन्धित सुरक्षाबारे पनि छलफल भएको थियो । यसका साथैएडीजी अग्रवालले अन्तर्राष्ट्रिय सीमामा तैनाथ बीएसएफका जवानहरूको प्रशंसा गर्दै उनीहरूको समर्पण र सतर्कता प्रशंसनीय रहेको बताउनु भयो। पूर्वी कमाण्डले पश्चिम बङ्गालको २,२१६ किलोमिटर, त्रिपुराको ८५६ किलोमिटर, मेघालयको ४४३ किलोमिटर, मिजोरम ३१८ किलोमिटर र आसाम २६३ किलोमिटर हुँदै कुल ४,०९६ किलोमिटर भारत-बङ्गलादेश अन्तर्राष्ट्रिय सीमाको सुरक्षा गर्दछ।

**तीस्ता प्रहार अभ्यास**

भारतीय सेनाले पश्चिम बङ्गालको टिस्टा फिल्ड फायरिङ रेन्जमा 'तिस्ता प्रहार' अभ्यास गरेको छ । अभ्यासमा इन्फेन्ट्री, मेकानाइज्ड इन्फेन्ट्री, आर्टिलरी, आर्म्ड कोर, पारा स्पेशल फोर्स, आर्मी एभिएसन इन्जिनियरिङ, सिग्नललगायत सेनाका विभिन्न युनिटको सहभागिता रहेको थियो । यो अभ्यास अपरेशन सिन्दूरको पृष्ठभूमिमा महत्त्वपूर्ण छ।

**राष्ट्रिय राजमार्ग**

राष्ट्रिय राजमार्ग दस आज बिहान 9 बजिदेखि बेलुकी 6 बजिसम्म पुर्ण रुपमा बन्द गरिएको छ। सडक मरम्मत्तीको निम्ति सडक यातायात बन्द गरिएको जिल्ला प्रशासनले अधिबाटै नोटिसद्वारा जानकारी गराइसकेको थियो । आज बिहान राजमार्गमा वाहनहरुको चलाचलमा छुट रहे तापनि 9 बजिदेखी यता भने पुलिसले आवत जावतमाथी रोक लगाएको थियो। विभिन्न स्थानमा अहिले पुलिस अधिकारी तथा कर्मचारीहरुले उपस्थित बनेर निगरानी राख्न साथै मानिसहरुलाई वैकल्पिक मार्गहरुबारे जानकारी दिइरहेका छन्।

**सिंगेल**

खरसाङको सिंगेल चियाबगान अन्तर्गत कफीबारी गोदामधुरा क्षेत्रमा आगलागी भएर पाँचवटा घर पूर्ण रूपमा जलेर नष्ट भएको छ जानकारी प्राप्त भएको छ। उक्त आगलागी आज बिहान लगभग 9.30 बजीतिर अचानक आगलागी भएको बताइएको छ।

यस आगलागीमा घरभित्र रहेका अधिकांश सामग्रीहरू जलेर नष्ट भएको बताइएको छ।स्थानीयहरू अनुसार आगलागी यति तीव्र थियो कि घरभित्र रहेका सर सामानहरु निकाल्न पनि समय नै नमिलेको बताइएको छ। घटनाको जानकारी पाउनसाथ पञ्चायत प्रधान सहदेव तामाङ, क्षेत्रीय सभासद नुरी शेर्पा, स्थानीय पुलिस थाना र पञ्चायत समितिका सदस्यहरू घटनास्थलमा पुगेका थिए। यसको साथै जीटीएका प्रमुख कार्यपाल अनित थापा स्वयं पनि घटनास्थलमा पुगेका थिए। अनित थापाले पीडित परिवारहरूलाई

चाँढै नयाँ घर बनाइदिने र जीटीएबाट उपलब्ध राहत तथा क्षतिपूर्ति सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका छन्। यसको साथै
पञ्चायत र पञ्चायत समितिका ा तर्फबाट पनि पीढीत परिवारहरूलाई आवश्यक सरकारी सहयोग दिलाउने आश्वासन दिइएको छ। क्षेत्रीय सभासद नुरी शेर्पाले जीटीएसँग समन्वय गरी थप सहयोग दिलाउने बताएको जानकारी प्राप्त भएको छ।

**सांसद जॉन बार्ला**

मुख्यमन्त्री ममता बनर्जीको उत्तर बङ्गाल भ्रमणको ठीक अघि पश्चिम बङ्गालको राजनीतिमा ठूलो राजनीतिक उथलपुथल भएको छ। पूर्व केंद्रीय मंत्री तथा अलीपुरद्वारका पूर्व सांसद जॉन बारला आज तृणमूल कांग्रेसमा शामेल भएका छन। उनले कोलकाताको तृणमूल भवनमा पार्टीको झण्डा ग्रहण गर्दै तृणमूलमा सामेल भएका छन । कार्यक्रममा टीएमसीका प्रदेश अध्यक्ष सुब्रत बख्शी र मन्त्री अरुप विश्वास पनि उपस्थित थिए। गत लोकसभा चुनावमा टिकट नपाएदेखि नै जोन बार्ला भाजपासँग रुष्ट थिए। पार्टीबाट दूरी बढ्दै जाँदा उनी तृणमूल कङ्ग्रेसमा सामेल हुने अड्कलबाजी तीव्र भएको थियो। ।

**झूलता-शव**

सिलिगुडीमा स्थित संशोधनागारको शौचालयमा एक कैदीको शव झुण्डिएको अवस्थामा फेला परेको छ। विचाराधीन कैदी सिलिगुडीको टिकियापाराका बासिन्दा थिए। आफ्नी आमाको हत्या गरेको अभियोगमा उनी विगत तीन महिनादेखि बाग्राकोर्ट सुधारगृहमा थिए।

**मल्ली**

मल्ली पुलिस चेकपोस्टबाट एक व्यक्तिलाई संदिग्ध ब्राउन शुगरको साथमा पक्राउ गरिएको छ। पुलिस रिपोर्ट अनुसार,हिजो मल्ली चेकपोस्टमा नियमित जॉचको क्रममा आरोपीलाई संदिग्ध स्थितिमा हिरासतमा लिइयो। पछि, कानुन बमोजिम साक्षीहरूको उपस्थितिमा जाच गर्दा 110 वटा साना—साना पाउच फेला पऱ्यो, जसमा लगभग 42.96 ग्राम संदिग्ध ब्राउन शुगर थियो।
पुलिसले आरोपी व्यक्तिलाई पक्राउ गरेर सम्बन्धित कानुन अन्तर्गत मामिला दर्ता गरेर छानबिन शुरू गरेको छ।

****** ० ******